महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
Mahuli Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
फोन नं.०३१-४११००५/६, फ्याक्स नं. ०३१-४११००८
E-mail: info@mslbsl.com.np, Website: www.mslbsl.com.np


# 13th ANNUAL GENERAL MEETING
# 2082-09-30

# MEETING MINUTE BOOK




**PREPARED BY:**


AGANISAIR KRISHNASAWARAN-6, MAHULI, SAPTARI
HEAD OFFICE MAHULI, SAPTARI

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
अग्नीसाइर कृष्णासवरण– ६, महुली सप्तरी
**१३ औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण तथा निर्णय**

१. **वैधानिक सभा :**
यस महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको मिति २०८२/०९/०८ गते मंगलबार बसेको १७३ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम यस वित्तीय संस्थाको नियमित तर्फ १३ औं वार्षिक साधारण सभा संस्थाका अध्यक्ष श्री मोहन हरि आचार्य ज्यूको सभापतित्वमा निम्नलिखित स्थान, मिति र समयमा तपशिलका विषयहरु उपर छलफल एवं निर्णय भई देहाय बमोजिम नियमित तर्फको १३ औं वार्षिक साधारण सभा सम्पन्न भयो ।

२. **सभा भएको स्थान, मिति र समय :**
२.१ स्थान : महुली लघुवित्त वित्तीय संस्था लिमिटेको केन्द्रीय कार्यालय, अग्नीसाइर कृष्णासवरण – ६, महुली, सप्तरी
२.२ मिति : २०८२/०९/३० गते बुधबार (तदनुसार १४ जनवरी २०२६)
२.३ समय : विहान ११.०० बजे

३. **सभाको सूचना सम्बन्धी जानकारी :**
कम्पनी ऐन, २०६३ को दफा ६७ को प्रावधान अनुसार वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने बिषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनिहरुलाई सूचना पठाउनुको साथै सोही व्यहोराको सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक प्रतिवेदन प्रथम पटक मिति २०८२ पौंष ०९ गते र दोस्रो पटक मिति २०८२ पौंष १५ गतेको क्रमशः नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी सो सुचना तथा आ.ब. २०८१/०८२ को वार्षिक प्रतिवेदन, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारमहरु कम्पनीका शेयरधनी महानुभावहरुलाई जानकारीको लागि वित्तीय संस्थाको वेवसाईट www.mslbsl.com.np मा राखिएको थियो । साथै शेयरधनीहरुको मोवाईलमा फोन, एस.एम.एस. तथा रेकर्डमा रहेको ईमेल ठेगानामा पनि वार्षिक साधारण सभा सम्बन्धी जानकारी पठाईएको जानकारी प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री सरोज कुमार सिंहले दिनु भयो।

४. **सभाको विषय सूची :**
**वार्षिक साधारण सभाको छलफलको विषयहरु :**
**(क) साधारण प्रस्तावहरू :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ असार मसान्तसम्मको वासलात, २०८१ श्रावण १ गते देखी २०८२ असार मसान्त सम्मको नाफा–नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि २०८२ असार मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।२० को ०.२५ प्रतिशतले हुने रु. ९,२४,८०८।७५ ( अक्षरेपी नौं लाख चौबिस हजार आठ सय आठ रुपैयाँ पचहतर पैसा मात्र ।) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश आ.ब. २०८१/०८२ को संचित मुनाफाबाट २०८२ असार मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।२० को ४.७५ प्रतिशतले हुने रु. १,७५,७१,३६६।२६ ( अक्षरेपी एक करोड पचहत्तर लाख एकहत्तर हजार तिन सय छैसठ्ठी रुपैया छब्बिस पैसा मात्र।) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने तथा बोनश शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरि प्रवन्धपत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाको नियमावलीको नियम ३२ को उपनियम १ (ख) मा संशोधन गर्ने विशेष प्रस्ताव पेश गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विबरण उपलव्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

**ग) विविध प्रस्तावहरु :**

**५. सभाको सञ्चालन :**

**सभाको सञ्चालन संस्थाका सहायक प्रवन्धक श्री कल्पना अधिकारी र प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री सरोज कुमार सिंहले गर्नु भएको थियो ।**

६. उपस्थिति :

६.१ संचालकहरुको उपस्थिति :

१३ औं वार्षिक साधारण सभामा सञ्चालकहरुको उपस्थिति निम्नानुसारको रहेको थियो ।

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व | ग्राहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री मोहन हरि आचार्य | अध्यक्ष | संस्थापक समूह | ५७,४३८ |
| २ | श्री श्यामा कान्त चौधरी | सञ्चालक | संस्थापक समूह | ६०४८७ |
| ३ | श्रीमती रमोला अमात्य, राजभण्डारी | सञ्चालक | संस्थापक समूह | १६४१० |
| ४ | श्री निमानन्द कडेल | सञ्चालक | सर्वसाधारण समूह | २५९ |
| ५ | श्री श्रीप्रसाद चौधरी | सञ्चालक | संस्थापक समूह | १०,५७२ |

६.२ पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिती :

क) श्री सरोज कुमार सिंह - कार्यकारी अधिकृत/कम्पनी सचिव
ख) श्री ललित प्रसाद चौधरी- प्रवन्धक (आ.ले.पा विभाग प्रमुख)
ग) श्री रमेश चौधरी - प्रवन्धक (कार्य सञ्चालन तथा मानव संसाधन विभाग प्रमुख)
घ) श्री हरि प्रसाद कोईराला - प्रवन्धक ( अनुपालना तथा जोखिम व्य. विभाग प्रमुख)
ङ) श्री रुसियन चौधरी - सहायक प्रवन्धक (सामान्य प्रशासन विभाग प्रमुख)
च) श्री विजय यादव - सहायक प्रवन्धक (कर्जा असुली तथा अनुगमन निरिक्षण व्यबस्थापन)
छ) श्री कल्पना अधिकारी - सहायक प्रवन्धक (कर्जा तथा व्यवसाय प्रवर्द्धन विभाग प्रमुख)
ज) श्री विरु लामा - वरिष्ट अधिकृत (वित्त व्यवस्थापन तथा योजना विभाग)
झ) श्री गुणराज ढकाल - वरिष्ट अधिकृत (तालिम, सामाजिक विकास तथा अनुसंधान विभाग प्रमुख)

लगायत अन्य अधिकृत तथा सहायक स्तरका कर्मचारीहरु समेत गरि कुल २६ जनाको उपस्थिती रहेको थियो ।

६.३ शेयरधनीहरुको उपस्थिती (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :

हाल वित्तीय संस्थाको कायम कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।- को रु. १०० अंकित दरका ३६,९९,२३५ कित्ता शेयर मध्ये देहाय बमोजिमको प्रतिनिधित्व गर्ने शेयरधनीहरु:

१. उपस्थिती संख्या:

(क) शेयरधनी स्वयं उपस्थित : ६२ जना
(ख) शेयरधनी प्रतिनिधी (प्रोक्सी) : ४८ जना

२. शेयरधनीहरुको उपस्थिती प्रतिशत:

(क) शेयर प्रतिनिधित्व संख्या: २३,४७,३३१ कित्ता शेयर (स्वयं प्रतिनिधित्व - १२,३४,६२० कित्ता र प्रोक्सी प्रतिनिधित्व - ११,१२,७११)

(ख) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ६३.४५ प्रतिशत

| जम्मा चुक्ता भएको शेयर कित्ता | चुक्ता भएको शेयरधनी संख्या | शेयरको किसिम | उपस्थिती | | | | जम्मा शेयर कित्ताको प्रतिनिधीत्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | स्वयं उपस्थितभई प्रतिनिधीत्व गरेको शेयर कित्ता | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधी ( प्रोक्सी) मार्फत प्रतिनिधीत्व गरेको शेयर कित्ता | प्रतिनिधी ( प्रोक्सी) मार्फत उपस्थित शेयरधनी संख्या | |
| २५८९४६२.५४ | १६३ | संस्थापक शेयर | १२३२४६४ | ५२ | ९४१५९४ | ३६ | ५८.७७% |
| ११०९७७२.४६ | ३५५३२ | सर्वसाधारण शेयर | २१५६ | १० | १७१११७ | १२ | ४.६८% |
| ३६९९२३५.०० | ३५६९५ | **कुल जम्मा** | १२३४६२० | ६२ | १११२७११ | ४८ | ६३.४५% |

(ग) वार्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८२/०९/१७ गते बुधबार १ दिन शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहेको र मिति २०८२ साल पौष १६ गते मंगलबार सम्ममा सभामा सहभागी हुन पाउने संस्थापक शेयरधनी - १६३ जना र सर्वसाधारण शेयरधनी ३५५३२ जना गरी कुल शेयरधनी संख्या ३५६९५ जना मध्ये उपस्थित सबै शेयरधनी महानुभावहरु सभामा सहभागि भई मतदान गर्न योग्य थिए ।

**७. सभाको वैधानिकता र गणपुरक संख्या :**

वार्षिक साधारण सभा हुनु अघि वित्तीय संस्थाको कम्पनी सचिबले उपस्थित शेयरधनीहरुलाई संस्थाको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सुचना दिईएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा यस वित्तीय संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशत भन्दा बढी अर्थात ६३.४५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागी आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालन गर्न बैधानीक रहेको व्यहोरा सभालाई जानकारी दिनुभयो । तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय-सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम काम कारवाही अगाडी बढाउन सहमति दियो ।

**८. सभाको सभापतित्व :**

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४ र वित्तीय संस्थाको नियमावलीको नियम १९ अनुसार वित्तीय संस्थाका सञ्चालक समिति अध्यक्ष श्री मोहन

हरि आचार्य ज्यूलाई वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व ग्रहण गर्नु भयो ।

९. **सभाको समउद्घाटन र सभा सञ्चालन :**
वित्तीय संस्था सञ्चालक समितिका अध्यक्षले वित्तीय संस्थाको नियमित तर्फ १३ औं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपछि कम्पनी सचिवको अनुरोध अनुसार संस्थाका अध्यक्ष तथा कार्यक्रमका सभापति श्री मोहन हरि आचार्यज्यूले पानसमा बत्ती बालेर सभाको समउद्घाटन गर्नु भयो । सभाको उद्घाटन पछि सभापतिज्यूको निर्देशनानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

१०. **स्वागत मन्तव्य :**
सभापतिज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री सरोज कुमार सिंहले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु भयो ।

११. **सञ्चालक समितिको प्रतिवेदन प्रस्तुती :**
आज बसेको संस्थाको १३ औं वार्षिक साधारण सभाको अध्यक्षता गर्नुहुने यस वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री मोहन हरि आचार्यज्यूले सर्वप्रथम सभामा उपस्थित हुनुभएका सञ्चालक तथा शेयरधनी ज्यूहरुको परिचय गराउदै सबैलाई स्वागत गर्नु भयो साथै वार्षिक साधारण सभामा अध्यक्षज्यूले आ.व. २०८१/०८२ मा गरिएका क्रियाकलापहरु तथा वित्तीय विवरण सहितको संचालक समितिको तर्फबाट तयार पारिएको प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो र उपस्थित शेयरधनीज्यूहरुले सो उपर वा अन्य विविध पक्षका वारेमा आ-आफ्नो प्रतिकृया, राय/विचार, जिज्ञासा र सल्लाह सुझावका लागी अनुरोध गर्नुभयो ।

१२. **छलफलमा देहायका शेयरधनीज्यूहरुले आफ्नो राय/विचार, जिज्ञाशा, सल्लाह, सुझाव तथा मन्तव्य व्यक्त गर्नुभयो ।**

| | | | |
|---|---|---|---|
| १. | श्री श्याम कान्त चौधरी | - | संस्थापक शेयरधनी |
| २. | श्री केशव नर्सिंह राजभाण्डारी | - | संस्थापक शेयरधनी |
| ३. | श्री हरिश्चन्द्र सिन्हा | - | संस्थापक शेयरधनी |
| ४. | श्री प्रभु नारायण चौधरी | - | संस्थापक शेयरधनी पूर्व अध्यक्ष |

१३. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू मार्फत प्रस्तुत गरिएको प्रतिवेदनमा शेयर धनीहरुको तर्फबाट व्यक्त गर्नुभएको जिज्ञासा, मन्तव्य र सुझावहरुको लागी शेयरधनीहरु** श्री श्याम कान्त चौधरी, श्री केशव नर्सिंह राजभण्डारी, श्री हरिश्चन्द्र सिन्हा, श्री प्रभु नारायण चौधरीलाई अध्यक्षज्यूले धन्यवाद दिदै शेयरधनीहरुको व्यक्त विचार प्रति वित्तीय संस्थाको धारण राख्दै सुझावहरुलाई यथासम्भव कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै तपसिलका विषयहरुमा अध्यक्ष ज्यूले **जिज्ञासाको चित्तबुझ्दो प्रत्युतर दिनु भयो ।**

क) वित्तीय विबरण तथा वार्षिक प्रतिवेदन सम्बन्धमा ।
ख) लाभांश घटनुको कारण सम्बन्धमा ।
ग) मर्जर सम्बन्धमा ।
घ) वित्तीय संस्थाको पूँजी वृद्धि ।
ङ) मर्जर सम्बन्धमा ।
च) भवन निर्माण गर्ने सम्बन्धमा ।
छ) खराब कर्जा सम्बन्धमा ।

अध्यक्ष ज्यूले साधारण सभामा वर्तमान समयमा लघुवित्तमा देखिएका समस्या र चुनौतीहरुको बारेमा सञ्चालक समिति तथा व्यवस्थापन समूह जानकार रहेको जानकारी गराउदै यस्ता समस्या तथा चुनौतीहरुसंग जुध्न र संस्थालाई बचाएर अगाडी बढाउन आवश्यक छलफल तथा नीतिगत काम कारवाहीहरु भई रहेको समेत स्पष्ट पार्नु भएको थियो । त्यस्तै भवन निर्माण लगायत मर्जर लगायत कुराहरुमा स्पष्ट पार्नु भएको थियो । तत्पश्चात छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनु भएको थियो ।

**१४. सभाको निर्णयहरु :**

**(क) साधारण प्रस्ताव तर्फको निर्णयहरु :**

**प्रस्ताव नं. क (१)** सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय नं. क (१)** : सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनी सभापति ज्यूबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. क (२)** लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ असार मसान्तसम्मको वासलात, २०८१ श्रावण १ गते देखी २०८२ असार मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णय नं. क (२)** : लेखापरीक्षकको प्रतिवेदन सहित महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.ब. २०८१/०८२ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गरियोस भनी सभापति ज्यूबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. क (३)** कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वैधानिक लेखापरीक्षणको लागी तपशिल अनुसारका तीन वाट चार्टर्ड एकाउन्टेन्टस फर्महरुको ईच्छा पत्र प्राप्त भएको थियो ।
तपशिल

| क्र.सं. | फर्मको नाम | प्रोपराईटर | लेखापरीक्षण पारिश्रमिक कर बाहेक | कर | भ्रमण, यातायात, खाना, खाजा र बास खच |
|---|---|---|---|---|---|
| १ | एस वि थकाली एण्ड एसोसिएट्स, न्यूरोड, पोखरा | सि.ए. समिप भारती, थकाली | ३,७५,०००।- | थप लाग्ने | नलाग्ने |
| २ | पि. एल.आर.जी. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं-३२, पुतली सडक, न्यूप्लाजा, काठमाण्डौं | सि.ए. प्रकाश लम्साल | ३,००,०००।- | थप लाग्ने | नलाग्ने |
| ३ | सुविज एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, मोरंग | सि.ए. सुविज पौडेल | ३,५०,०००।- | थप लाग्ने | नलाग्ने |

उपरोक्त ईच्छा पत्र अनुसार लेखापरीक्षण समितिको मिति २०८२/०९/१७ गतेको ५५ औं बैठकले आ.ब. २०८२/०८३ को बैधानीक लेखापरीक्षण गर्नको लागी प्राप्त ३ वटा ईच्छा पत्र प्राप्त भएको मध्ये तिन वटै वैधानिक दर्ता वाल फर्म भएकाले यस संस्थाको वैधानिक लेखापरीक्षण गर्न योग्य र सक्षम देखिन्छन भने लागत प्रभावकारीताका हिसावले एस वि थकाली एण्ड एसोसिएट्स, न्यूरोड, पोखरले मु.अ.कर वाहेक र अन्य खर्च नलाग्ने गरि रु ३,७५,०००।- (अक्षरेपी तिन लाख पचहतर हजार मात्र।), पि.एल.आर.जी. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं-३२, पुतली सडक, न्यूप्लाजा, काठमाण्डौंले मु.अ.कर वाहेक र अन्य खर्च नलाग्ने गरि रु ३,००,०००।- (अक्षरेपी तिन लाख मात्र ।) र सुविज एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, मोरङ्गले मु.अ.कर वाहेक र अन्य खर्च नलाग्ने गरि रु ३,५०,०००।-(अक्षरेपी तिन लाख पँचास हजार मात्र ।) लेखापरीक्षण शुल्क प्रस्ताव गरेको र उक्त ३ वटै लेखापरीक्षक नियुक्त हुन योग्य भएको रहेको हुँदा ३ वटै फम सहित लेखापरीक्षक नियुक्तीको लागी सञ्चालक समिति मार्फत सिफारिस प्राप्त भएको छ ।

**निर्णय नं. क (३)** : साधारण सभाले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारिस गरेको ३ वटा लेखापरीक्षक फर्महरु मध्ये प्राप्त दरभावपत्र तथा प्राविधीक प्रसतावना र लागत प्रभावकारिताको आधारमा श्री पि. एल.आर.जी. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं-३२, पुतली सडक, न्यूप्लाजा, काठमाण्डौंले प्रस्ताव गरेको शुल्क अन्यको तुलनामा न्युन देखिएकाले उक्त फर्मलाई छनौट गर्न उपयुक्त हुने देखिएकोले आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने तथा बैंधानिक लेखापरीक्षणको सम्पूर्ण कार्य (वार्षिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म लेखापरीक्षण, कम्पनी ऐन, २०६३ को दफा ५१ र ७८ बमोजिमको प्रतिवेदन तथा सूचिकृत संगठिक संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ बमोजिमको प्रतिवेदन प्रमाणिकरण लगायत अन्य कार्य समेत) गर्नको लागी कर तथा अन्य खर्च (यातायात, खाना, खाजा र बाँस खर्च) सहित रु. ३,३९,०००।- (अक्षरेपी तिन लाख

उन्नचालिस हजार मात्र ।) पारिश्रमिक प्रदान गर्ने गरि लेखापरीक्षकमा नियुक्त गर्ने सम्बन्धी निर्णय सभाबाट सर्वसम्मतीबाट पारित गरियो ।

**प्रस्ताव नं. क (४)** सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि २०८२ असार मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।२० को ०.२५ प्रतिशतले हुने रु. ९,२४,८०८।७५ ( अक्षरेपी नौं लाख चौबिस हजार आठ सय आठ रुपैयाँ पचहतर पैसा मात्र ।) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।

**निर्णय नं. क(४)** सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि २०८२ असार मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।२० को ०.२५ प्रतिशतले हुने रु. ९,२४,८०८।७५ ( अक्षरेपी नौं लाख चौबिस हजार आठ सय आठ रुपैयाँ पचहतर पैसा मात्र ।) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा प्रस्ताव स्वीकृत गरियोस भनी सभापति ज्यूबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**१४ (ख) विशेष प्रस्ताव तर्फको निर्णयहरु :**

प्रस्ताव नं. ख(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश आ.ब. २०८१/०८२ को संचित मुनाफाबाट २०८२ असार मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।२० को ४.७५ प्रतिशतले हुने रु. १,७५,७१,३६६।२६ ( अक्षरेपी एक करोड पचहत्तर लाख एकहत्तर हजार तिन सय छैसठ्ठी रुपैया छब्बिस पैसा मात्र।) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने तथा बोनश शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरि प्रवन्धपत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

**निर्णय नं. ख (१)** : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश आ.ब. २०८१/०८२ को संचित मुनाफाबाट २०८२ असार मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।२० को ४.७५ प्रतिशतले हुने रु. १,७५,७१,३६६।२६ ( अक्षरेपी एक करोड पचहत्तर लाख एकहत्तर हजार तिन सय छैसठ्ठी रुपैया छब्बिस पैसा मात्र।) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने तथा बोनश शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरि प्रवन्धपत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृतीको लागी सभापतिज्यूबाट प्रस्तुत हुँदा उक्त विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै बोनश शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरि प्रवन्धपत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गरी वित्तीय संस्थाको प्रवन्धपत्रमा तपशिल अनुसार संशोधन गर्ने विशेष प्रस्तावलाई सभाबाट सर्वसम्मतिले स्वीकृत गरियो ।

**प्रवन्धपत्र तर्फको संशोधन**

**दफा ६**

(ख) वित्तीय संस्थाको जारी पूँजी रु. ३८,७४,९४,८६६।४६ (अक्षरेपी अडतीस करोड चौहतर लाख चौरानब्बे हजार आठ सय रुपैयाँ पैसा छियालीस मात्र) हुनेछ ।

(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३८,७४,९४,८६६।४६ (अक्षरेपी अडतीस करोड चौहतर लाख चौरानब्बे हजार आठ सय रुपैयाँ पैसा छियालीस मात्र) हुनेछ ।

## प्रवन्धपत्र संशोधन सम्बन्धी तीन महले विवरण

| क्र.सं. | दफा | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १. | ६ (ख) | (ख) वित्तीय संस्थाको जारी पूँजी रु. ३६,५५,२३,५००।- ( अक्षरेपी छतीस करोड उन्नसय लाख तेईस हजार पाँच सय मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको जारी पूँजी रु. ३८,७४,९४,८६६।४६ ( अक्षरेपी अडतीस करोड चौहतर लाख चौरानब्बे हजार आठ सय रुपैयाँ पैसा छियालीस मात्र) हुनेछ । | ४.७५ प्रतिशत बोनश शेयर थप हुँदा |
| | ६ (ग) | (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३६,५५,२३,५००।- ( अक्षरेपी छतीस करोड उन्नसय लाख तेईस हजार पाँच सय मात्र) हुनेछ । | (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३८,७४,९४,८६६।४६ ( अक्षरेपी अडतीस करोड चौहतर लाख चौरानब्बे हजार आठ सय रुपैयाँ पैसा छियालीस मात्र) हुनेछ । | ४.७५ प्रतिशत बोनश शेयर थप हुँदा |

**प्रस्ताव नं. ख (२)** वित्तीय संस्थाको नियमावलीको नियम ३२ को उपनियम १ (ख) मा संशोधन गर्ने विशेष प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ख (२)** : वित्तीय संस्थाको नियमावलीको नियम ३२ को उपनियम १ (ख) मा संशोधन गर्ने विशेष प्रस्ताव अन्तर्गत सञ्चालक समितिको अध्यक्ष र सञ्चालकहरुको बैंठक भत्ता वृद्धि गर्ने सम्बन्धी पेश भएकोमा सभाबाट देहाय बमोजिमको बैठक भत्ता स्वीकृत गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको नियम ३२ को उपनियम १(ख) मा संशोधन गर्ने सर्वसम्मत निर्णय भयो ।

**नियमावलीको नियम ३२ को उपनियम १(ख) मा संशोधन :**

(ख) सञ्चाल समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउँने बैठक भत्ता प्रति बैंठक क्रमश रु. ८,०००।- (आठ हजार) र ७,५००।- (सात हजार पाँच सय) हुनेछ ।

संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैंठकमा उपस्थित भए वापत सञ्चालकलाई संचालक समिति सरह बैंठक भत्ता प्रदान गरिनेछ ।

## नियमावली संशोधन सम्बन्धी तीन महले विवरण

| क्र.सं. | नियम | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १. | ३२(१) | (ख) सञ्चाल समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउँने बैंठक भत्ता प्रति बैंठक क्रमश रु. ४,५००।- (चार हजार पाँच सय) र ४०००।-(चार हजार) हुनेछ । | (ख) सञ्चाल समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउँने बैंठक भत्ता प्रति बैंठक क्रमश रु. ८,०००।- (आठ हजार) र ७,५००।- (सात हजार पाँच सय) हुनेछ । | समय सापेक्ष परिमार्जन गर्नु पर्ने भएकोले । |

**प्रस्ताव नं. ख (३)** वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**निर्णय नं. ख (३)** : वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मतीबाट निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ख (४)** संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्भदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलव्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

**निर्णय नं. ख (४)** : संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्भदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा

लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विबरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने सम्बन्धमाको विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएको उक्त विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

**(ग) विविध** : विविध बिषयमा कुनै प्रस्ताव नभएको सभापतिज्यूले जानकारी गराउनु भयो ।

**१५. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु सर्वसम्मत पारित भए पश्चात सभापतिज्यूले संस्थाको १३ औं वार्षिक साधारण सभामा शेयरसदस्य स्वयं एवं प्रतिनिधीपत्र मार्फत सहभागी हुनु भई सभा सूचारु रुपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा उपस्थित सबै शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो २.४५ मा सभापतिज्यूबाट १३ औं वार्षिक साधारण सभा बैधानिक रुपमा समाप्त भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ................................ | ................................ |
| सरोज कुमार सिंह | मोहन हरि आचार्य |
| कम्पनी सचिव | अध्यक्ष |

सभा सम्पन्न मिति : २०८२ पौष ३० गते बुधबार तदअनुसार जनवरी १४, २०२६ ।